प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १२१ ।। २०८२ जेठ २७ गते मंगलबार (10th June 2025 Tuesday) | Pratidin National Daily | मूल्य-रु.५/-

# बिर्तामोडमा चोर पक्राउ परेपनि चोरी घटेन



झापा(प्रस)। बिर्तामोडमा चोरीका घटना बढेसंगै प्रहरीले चोरीमा संलग्नहरुलाई धमाधम पक्राउ गर्न थालेको छ । यसक्रममा फेरि ३ जना पक्राउ परेका हुन् । गत फागुन २२ गते बिहान अन्दाजी ११:३० बजे अर्जुनधारा वडा नं. ६ दालपुलस्थित इन्दिरा रिजाल संग्रौलाको घरबाट चोरी गर्नेहरु पक्राउ परेका हुन् । संग्रौलाको घरबाट १० तोला बराबरको सुनको बाला, तिलहरी, सिक्री, मंगलसुत्र, नौगेडी, झुम्का, हिराको औठी,६ तोला बराबरको चाँदीको पाउजु लगायतका गरगहना चोरी भएको थियो ।

लक्ष्मी संग्रौलाकी बुहारी इन्दिरा रिजाल संग्रौला घरको ढोका तथा गेट खुल्ला राखी बच्चालाई स्कुल बस चढाउनको लागि गएकी थिइन् । उनी बच्चालाई स्कुल बस चढाई घर फर्किदा घरको माथिल्लो तलामा रहेको दराजको घर्रा भित्रबाट सुनको बिभिन्न गर-गहना गरी १५ लाखबराबरको धनमाल चोरी भएको थियो । सो घटनामा संलग्नहरुलाई आइतवार पक्राउ गरिएको इलाका प्रहरी कार्यालय बिर्तामोडले जनाएको छ । पक्राउ पर्नेहरुमा बिर्तामोड वडा नं. २ चारपाने बस्ने २८ वर्षीय सुरज राई ,चोरीको गर-गहना खरिद गर्ने बिर्तामोड वडा नं. १ नारायण चोक बस्ने ४९ वर्षीय अरविन्दकुमार विश्वकर्मा (कालिगढको रुपमा कार्यरत) र शेरावाली ज्वेलर्स बिर्तामोडका संचालकका छोरा सुभान्सु साह रहेका छन् । राईले चोरी गरेको गरगहना विश्वकर्मालाई बिक्री गरेका थिए भने विश्वकर्माले साहलाई बिक्री गरेका थिए । चोरी गरेको ६.९९५ तोला सुन गालेर ढिक्का बनाईराखेको अबस्थामा बिर्तामोड वडा नं. ५ हिकोला रोडस्थित शेरावाली ज्वेलर्सबाट बरामद भएको छ । उनीहरुलाई झापा जिल्ला अदालतबाट ४ दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । यसअघि जेठ २२ गते बिर्तामोडमा चोरीमा संलग्न तीनजना पक्राउ परेका थिए ।


## सुवेदीको घरबाट ८ लाख बढीको गहना चोरियो

झापा(प्रस)। झापाको बिर्तामोडमा फेरि चोरी भएको छ । आइतवार दिउँसो अन्दाजी ३.३० बजेतिर बिर्तामोड-५ एकता टोल बस्ने बालकृष्ण सुवेदीको घरबाट ८ लाख ४० हजार ५०५ रुपैयाँ बराबरको धनमाल चोरी भएको हो । सुवेदीको २ तले पक्की घरमा कोही नभएको बेला घरको पर्खालमा लगाएको फलामको ग्रिल फुटाई माथिल्लो तलाको ढोका र दराजको चाबी समेत फोरी दराजभित्र रहेको सुनको सिक्री-१ थान,सुनको लकेट-१ थान,तिलहरी-१ थान,औठी-१ थान,कानमा लगाउने टप-१ थान गरी जम्मा सुन ४ तोला ४ आना,चाँदी अन्दाजी १४ तोला चोरी भएको प्रहरीले जनाएको छ ।
चोरी गर्ने ब्यक्तिको खोजतलास तथा पहिचान गर्ने कार्य भइरहेको बिर्तामोड प्रहरीले जनाएको छ । बिर्तामोडमा चोरीका घटना रोकिएको छैन ।

## झापामा फैलिँदै डेंगु संक्रमण, अधिकांश बिर्तामोडका

झापा(प्रस)। मनसुन सुरू भएसँगै झापामा डेंगु संक्रमितको संख्या बढ्न थालेको छ ।
स्वास्थ्य कार्यालय झापाका अनुसार डेंगुको सिजन शुरु भएसंगै जिल्लामा ३९ जनामा डेंगुको संक्रमण देखिएको छ । त्यसमध्ये ३७ जना बिर्तामोडका रहेका छन् । दमक र गौरादह नगरपालिकाका एक-एक जनामा संक्रमण देखिएको स्वास्थ्य कार्यालय झापाका प्रमुख रमेश बाराकोटीले जानकारी दिए ।
उनका अनुसार विगतका वर्षहरु जस्तै यस वर्ष पनि डेंगुको संक्रमण शुरु भइसकेको छ । डेंगु सबैभन्दा बढी असार, साउन, भदौ र असोजसम्म रहने देखिन्छ । तर, झापामा बाह्रै महिना डेंगु देखिने गरेको छ । गत वर्ष झापामा डेंगु संक्रमणबाट दुई जनाको मृत्यु भएको थियो ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) का अनुसार पुसदेखि हालसम्म ७१ जिल्लामा डेंगु संक्रमित भेटिएका छन् । हालसम्म १०८१ जना संक्रमित भएका छन्, जसमा सबैभन्दा बढी कोशीमा २३९, बागमतीमा २९७, गण्डकीमा १८२, लुम्बिनीमा १६३, सुदूरपश्चिममा १५६, कर्णालीमा ३० र मधेशमा १४ जना संक्रमित भएका छन् ।




## दुई दिने भ्रमणका लागि चिनियाँ राजदूत सोङ झापामा



झापा(प्रस)। नेपालका लागि चिनियाँ राजदूत छेन सोङ दुई दिने भ्रमणका लागि झापा आइपुगेका छन् ।
चिनियाँ राजदूत छेन सोङ सोमवार दिउँसो ४.४५ बजे त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थलबाट चन्द्रगढी बिमानस्थलमा अवतरण गरेका हुन् । दुई दिने बसाईका क्रममा उनी विभिन्न कार्यक्रममा सहभागी बन्ने भएका छन् ।
मंगलवार बिहान ८ बजे अर्जुनधारा -२ खुदुनाबारीस्थित सुपारीको पातबाट बनिने दुना टपरा फ्याक्ट्रीको अवलोकन गर्ने , त्यसपछि बाँसबाट उत्पादित वस्तुहरुको अवलोकन निरीक्षण , शनिश्चरे मावि अर्जुनधारा ८ मा शैक्षिक सामग्री बितरण गर्ने कार्यक्रम रहेको छ । त्यसपछि शुक्रराज आधारभूत विद्यालय बिर्तामोड - ८ देउनियाँको भवन उद्घाटन , भद्रपुर १० मा रहेको बाम्बो फ्याक्ट्री अवलोकन गर्ने कार्यक्रम तालिका रहेको छ । त्यस्तै जेठ २८ गते अर्जुनधारा -६ का सुबोध ढुंगेलको घरमा गाईफार्म अवलोकन, बिर्तामोड २ मा मोहन सिवाकोटीलगायतले माछापालन गरेको माछा फार्मको अवलोकन , बिर्तामोड ९ मा देबकोटा आधारभूत विद्यालयको भवन शिलान्यास, दमक -१० र कमल ७ मा रहेको चिन नेपाल मैत्री पार्कको अवलोकन गर्ने कार्यक्रम रहेको छ । राजदूत सोङ होटल सिद्धार्थमा बसेको जनाइएको छ ।

उनलाई प्रधानमन्त्री केपी शर्मा ओलीका आर्थिक सल्लाहकार युवराज खतिवडा, प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेका स्वकीय सचिव केशव ढुंगेल, बिर्तामोड नगरपालिकाकी नगर प्रमुख पवित्रा महतारा प्रसाई, अर्जुनधारा नगरपालिकाकी नगर उप-प्रमुख खड्गमाया पराजुली, नेकपा एमाले बिर्तामोड नगर कमिटी अध्यक्ष सुवास भट्टराई, नगर इन्चार्ज अम्बिर लिङ्देन, एमाले नेता बद्री भट्टराई, देवराज कार्कीलगायतले सोमवार भेट गरेका थिए ।

## सहकारीका कर्मचारीलाई ज्यान मार्ने धम्की दिने क्षेत्री पक्राउ

बिर्तामोड(प्रस)। ऋण नतिरेर सहकारीका कर्मचारीलाई उल्टै ज्यान मार्ने धम्की दिने खगेन्द्र क्षेत्रीलाई प्रहरीले पक्राउ गरेको छ ।
बिर्तामोड नगरपालिका वडा



नम्बर ४ मा प्रधान कार्यालय रहेको धौलागिरी पारिजात बहुउद्देश्यीय सहकारी संस्थाका कार्यकारी प्रमुख कृष्ण पौडेललाई ज्यान मार्ने धम्की दिने क्षेत्रीलाई सोमवार पक्राउ गरिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी विजय श्रेष्ठले जानकारी दिए । साविक बुधबारे ६ घर भई हाल विर्तामोड नगरपालिका वडा नम्बर १ मा बस्दै आएका क्षेत्रीले बिहीबार बिहान फोन गरी घरमै आएर ज्यान मार्ने धम्की दिएको भन्दै शुक्रबार संस्थाले पत्रकार सम्मेलन गरी घटनाको जानकारी गराएको थियो ।
संस्थाले दोषीलाई तत्काल पक्राउ गरी हदैसम्मको कारबाही गर्न माग गरेको थियो ।
क्षेत्रीले संस्थाबाट २०७७ साल चैत्र २ गते २५ लाख ऋण लगेका थिए । सो साँवाको हालसम्म ४४ लाख २९ हजार ३४५ रुपैयाँ ऋण पुगेको र सो को ताकेता गर्न संस्थाका सञ्चालक समिति सदस्य तथा ऋण असुली समिति संयोजक भिमबहादुर पौडेल घरमा जाँदा कत्ति निकालेर धाकधम्की दिएपछि संस्थाले कानुनी बाटोबाट जाने जानकारी गराउन पत्राचार गरेपछि कार्यकारी प्रमुख पौडेलमाथि क्षेत्रीले धम्क्याएको संस्थाका अध्यक्ष किशोर भट्टराईले जानकारी दिए ।

## वर्षामा चारवटा डाइभर्सनबाटै आवत जावत गर्नुपर्ने समस्या



झापा(प्रस)। एसियन हाइवेको पूर्वी खण्डमा चारवटा डाइभर्सन वर्षाअगावै नहटाइने भएको छ । गत जेठ १५ गते भत्किएर यातायात अवरुद्ध भएको चार ठाउँमा वर्षामा समेत त्यही डाइभर्सनबाटै आवत जावत गर्नुपर्ने समस्या रहेको छ । काँकडभिट्टा- लौकही सडकको पूर्वी खण्डमा ३ वटा ठूला पुलसहित जम्मा १४६ वटा कल्भर्ट रहेका छन् । त्यसमध्ये ११६ वटाको काम शुरु भएको छ भने ३० वटाको काम शुरु नै भएको छैन । काम थालिएका ११६ वटामध्ये ११२ वटामा कल्भर्ट बनाई पुरिसकिएको काँकडभिट्टा-लौकही सडक योजना कार्यालय (पूर्वी खण्ड) आयोजनाले जनाएको छ । बाँकी ४ वटा कल्भर्टको काम वर्षाअगावै नसकिने भएको हो । काली खोलाको पुलमा ढलानका ४ भागमध्ये एक भाग सकिएको र बाँकी पूरा गर्न थप दुई महिना लाग्ने भएको छ । त्यहाँ ह्युमपाइप राखेर पानीको निकासको व्यवस्था मिलाउन लगाइएको झापाका सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईले बताए । त्यस्तै भालु खोलामा असार २० सम्ममा मात्र सबै काम सकिने भएको छ भने काँकडभिट्टादेखि १० किलोमिटर पश्चिमको कल्भर्ट असार १५ सम्ममा सकिने आयोजनाले जनाएको छ । त्यस्तै चारआलीको हात्ती अन्डरपास निर्माण हुन अझै दुई महिना लाग्ने भएको छ । त्यहाँ पनि ठूला ह्युमपाइपको व्यवस्था गर्न लगाइएको सहायक प्रजिअ प्रसाईले जानकारी दिए ।
त्यस्तै पश्चिम खण्डअन्तर्गत झापामा ६ वटा पुलसहित ४५ वटा कल्भर्ट रहेका छन् । जसमध्ये २६ वटाको काम शुरु भएको छ भने बाँकी १९ वटाको काम शुरु भएको छैन । २६ वटामध्ये मावा र रतुवा गरी दुईवटामा डाइभर्सनको काम छैन । बाँकी २४ मध्ये २२ वटामा निर्माण सम्पन्न भई पुरिसकेको आयोजनाले जनाएको छ । बाँकी गेउरियाको पुल ढलान भइसकेर १५ दिनमा खोलिने र भुत्रेको पुल ढलान भइसकेर जेठभरिमा गाडी चल्ने जनाइएको छ । झापामा ९ वटा अन्डरपास निर्माण हुने भएको छ । जसको काम शुरु नभएको आयोजनाले जनाएको छ ।

# कोशीमा ४ हजार बढी परिवार विपदको जोखिममा

झापा (प्रस) । कोशी प्रदेशमा ४ हजारभन्दा बढी परिवार मनसुनजन्य विपदको जोखिममा रहेको तथ्यांक सार्वजनिक गरिएको छ।
१४ जिल्ला रहेको प्रदेशमा बाढीपहिरोजस्ता प्राकृतिक विपद् र खोला छेउका बस्तीका घरहरु जोखिममा रहेका हुन्। जोखिममा रहेका करिब ४ हजार १ सय ५१ परिवारलाई तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्था रहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका उपसचिव कमल थापाले जानकारी दिए।
उनका अनुसार प्रदेश सरकारले विपद् जोखिम क्षेत्रको नक्सांकन गरेको थियो। उक्त नक्सांकनबाट ४ हजार १ सय ५१ परिवार मनसुनजन्य जोखिममा रहेको तथ्यांक प्राप्त भएको थापाले बताए। प्रदेश सरकारले विपदको क्षति न्यूनीकरण गर्नका लागि विपद् बिमा र बस्ती स्थानान्तरणको तयारी सुरु गरेको छ। संघीय सरकार र स्थानीय तहसँग समन्वय गरेर काम गर्दै जाने योजना रहेको उनले सुनाए।
उनका अनुसार प्रदेश विपद् परिषद्को सोमबार बसेको बैठकले कोशी प्रदेशमा क्षति न्यूनीकरणका लागि विपद् बिमा र बस्ती स्थानान्तरण गर्ने निर्णय गरेको छ। सरकारको निर्णयले प्रदेशमा विपद् व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। विगतको तुलनामा यसवर्ष मनसुन छिट्टै सुरु भएको र ढिलो समयसम्म रहने भएकाले आवश्यक तयारी गर्न भनेर परिषद्को बैठक बसेको थियो।

मुख्यमन्त्री हिक्मतकुमार कार्कीको अध्यक्षतामा बसेको परिषद् बैठकले विपदको क्षति कम गर्नका लागि भनेर विभिन्न ७ निर्णय गरेको छ। बैठकले चालु आर्थिक वर्षमा राहत सामग्री र रकम गरेर वितरण गरिएको ७५ लाख ८० हजार बराबरको खर्च समेत अनुमोदन गरेको छ। बैठकले प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्य योजना २०८२-०८७ र मनसुन पूर्वतयारी प्रतिकार्य प्रदेश कार्ययोजना २०८२ लाई पारित गरेको छ।
बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले विपद् बिमा र स्थानान्तरणको विषयलाई प्राथमिकताका साथ काम गर्न निर्देशन दिए। उनले विभिन्न संघसंस्थाको सहकार्यमा जोखिममा परेका घरहरू निर्माण गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई निर्देशनसमेत दिएका छन्। बजेट र कार्यक्षमता हेरेर विपदको काममा तत्कालै जुट्न उनको निर्देशन छ।

मन्त्रालयका अनुसार गत वर्ष आगलागी, बाढीपहिरो चट्याङ र विस्फोटमा परेर मृत्यु भएका ३४ जनाको परिवारलाई राहत रकम वितरण गरिएको छ। त्यस्तै, निजी आवास बनाउन ८६ लाख ४० हजार सहयोग गरिएको मन्त्रालयका उपसचिव थापाले जानकारी दिए।

# एक करोडसम्म तिरेर अमेरिका पुगेकाहरू बोरा बोकेर फर्किए

झापा । आइतबार रातिदेखि नै सामाजिक सञ्जालमा एउटा फोटो खुबै भाइरल भयो। झ्याप्प हेर्दा फोटो अनौठो देखिए पनि फोटोले भने बेग्लै कथा भनेको थियो। अवैध बाटो हुँदै अमेरिका पुगेका ३५ जना नेपाली र अन्य २ जना नेपालीले काँधमा सेतो बोरा बोकेर विमान अगाडि लस्करै उभिएको फोटोले डिपोर्ट (निष्कासन) भएर आउनेहरूका नियति बोलिरहेको थियो। बोरा बोकेर विमानस्थल परिसरमा हिँड्दै गरेको दृश्यले उनीहरूको अवस्था, दुःख र छटपटी झल्काइरहेको थियो।

हुन त अमेरिकाले एकैपटक ठूलो संख्यामा नेपालीहरू डिपोर्ट गर्दैछ भन्ने सूचना केही दिन अघिबाट नै बाहिरिएको थियो। आइतबार साढे ४ बजे नै उनीहरूलाई लिएर आएको जहाज काठमाडौं ल्यान्ड हुने भनिए पनि रातको ९ बजेपछि मात्रै विमान आएको थियो। विमानसँगै फिर्ता भएको थियो अमेरिका पुगेका ३७ जनाको खुसी, सपना र सुन्दर भविष्यको परिकल्पना।

नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोका प्रवक्ता नरेन्द्र कुँवरका अनुसार, पछिल्लो पाँच महिनामा मात्रै विभिन्न तवरले अमेरिका पुगेका १ सय ६३ जनालाई अमेरिकी सरकारले फिर्ता गरेको छ। जसमध्ये आइतबार आएका ३७ जना सबैभन्दा ठूलो संख्या हो।

३७ जनामध्ये ५ जना महिला र ३२ जना पुरुष रहेका छन्। यीमध्ये एकजना काठमाडौंका व्यक्ति डीभी परेर अमेरिका पुगेका थिए। अर्का व्यक्ति भने विद्यार्थी भिसामा अमेरिका गएका थिए। डीभी परेर अमेरिका गएका कारण कानुनी झमेलामा परेको बेलामै अमेरिकी सरकारले डिपोर्ट गर्ने निर्णय गरेको थियो। अन्य ३५ जना भने तल्लो बाटो हुँदै जंगलैजंगल हिँडेर ३ देखि ६ महिना लगाएर अमेरिका पुगेका थिए। अवैध बाटो हुँदै अमेरिका छिर्दै गर्दा उनीहरूलाई प्रहरीले पक्राउ गरेको थियो। उनीहरूलाई अमेरिकी अदालतले नै नेपाल फर्काउने निर्णय गरेको थियो।

मानव बेचबिखन अनुसन्धान ब्युरोका प्रवक्ता नरेन्द्र कुँवर भन्छन्, अवैध बाटो हुँदै अमेरिका पुगेका सबै जना नै मानव तस्करको प्रलोभनमा परेर गएका हुन्। तर जुन अवस्थामा नेपाल फर्काइए पनि उनीहरू आफूलाई लैजाने गिरोहको विषयमा बोल्न र उजुरी गर्नसमेत चाहदैनन्। आइतबार फर्किनेमध्येमा अधिकांश व्यक्तिले ५० लाखभन्दा बढी रकम बुझाएर अमेरिका पुगेको बताएका थिए। एक जना युवाले १ करोड ४० लाख खर्च भएको बताएका छन्। ३७ जनामध्ये ५० लाखदेखि डेढ करोडसम्म खर्च गरेर अमेरिका पुगेको प्रहरी अनुमान छ। अध्यागमन विभागले नेपाल प्रहरीको मानव बेचबिखन तथा अनुसन्धान ब्युरोलाई जिम्मा लगाएको थियो। आफन्तको रोहवरमा प्रहरीले उनीहरूलाई छाडेको छ।

ब्युरो प्रवक्ता कुँवर भन्छन्, 'पछिल्लो पाँच महिनामा १ सय ६३ जना अमेरिकाबाट नेपाल फर्काइएको छ। उहाँहरूमध्ये एक जनाले पनि प्रहरीमा उजुरी दिन आउनु भएको छैन। विभिन्न प्रलोभनमा डंकी रोड हुँदै अमेरिका पुऱ्याउने गिरोह र तस्करको खोजीमा प्रहरी रहेको बताउँदै, उनीहरूबाट प्रलोभनमा पारिएको भए प्रहरीलाई सूचना दिन प्रवक्ता कुँवरले आग्रह गरे।

अमेरिकामा अवैधरूपमा बसिरहेका आप्रवासी र अवैध प्रवेश गर्न खोज्ने व्यक्तिहरूविरुद्ध अमेरिकी सरकारले कडाइ गरेको छ। गत जनवरीमा अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्प निर्वाचित भए पछाडि आप्रवासीहरू माथि निगरानी, धरपकड र कडाइ अझ बढाइएको छ। मात्रै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले १२ देशका नागरिकमाथि लगाइएको यात्रा प्रतिबन्ध सोमबारबाट लागू भएको छ। ट्रम्पले गत हप्ता यो आदेशमा हस्ताक्षर गरेका थिए। जसमा १२ देशका नागरिकलाई अमेरिका प्रवेशमा पूर्णतया प्रतिबन्ध लगाइएको छ। ट्रम्पको यात्रा प्रतिबन्ध अफगानिस्तान, म्यानमार, चाड, कंगो गणराज्य, इक्वेटोरियल गिनी, इरिट्रिया, हैटी, इरान, लिबिया, सोमालिया, सुडान र यमनका लागि हो।

यस्तै सात देशका मानिसलाई अमेरिकामा प्रवेशमा आंशिक रूपमा प्रतिबन्ध लगाइएको छ। बुरुन्डी, क्युबा, लाओस, सियरा लियोन, टोगो, तुर्कमेनिस्तान र भेनेजुएलाका नागरिकलाई आंशिक रूपमा प्रतिबन्ध लगाइएको छ।

# आम्दानी बढाउन विद्युत कर्मचारीहरुलाई मन्त्री खड्काको निर्देशन



बिर्तामोड(प्रस)। ऊर्जा , जलस्रोत तथा सिंचाई मन्त्री दिपक खड्काले विद्युत चुहावट नियन्त्रण गरी आम्दानी बढाउन विद्युत कर्मचारीहरुलाई निर्देशन दिएका छन् ।

नेपाल विद्युत प्राधिकरणअन्तर्गत अनारमनी वितरण केन्द्रको आइतवार निरीक्षण गर्दै मन्त्री खड्काले घाटा कम गर्न र आम्दानी बढाउन निर्देशन दिएको अनारमनी बितरण केन्द्रका प्रमुख संजीवकुमार शाहले जानकारी दिए । मन्त्री खड्काले विद्युत आपूर्ति तथा सुरक्षामा ध्यान दिनसमेत निर्देशन दिएका थिए । मन्त्री खड्काको आगमनप्रति अनारमनी बितरण केन्द्रले हार्दिक आभार व्यक्त गरेको छ ।

मन्त्री खड्काले आइतवार नै हुलाकी राजमार्गमा अलपत्र कन्काई पुल र पूर्वपश्चिम राजमार्गमा कटान हुन लागेको अर्को कन्काई पुलको अवलोकन गरेका थिए । साथै उनले शिवसताक्षीको माइधारमा रहेका जनताको तटबन्ध , सिंचाई र भूमिगत सिंचाई कार्यालयको निरीक्षण गरेका थिए ।

# प्याव्सनको केन्द्रीय सल्लाहकारमा घिमिरे

झापा(प्रस)। निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) को केन्द्रीय सल्लाहकारमा नारायणप्रसाद घिमिरे मनोनित भएका छन् ।

झापाको गौरादह स्थायी घर भएका घिमिरे माउण्ट एभरेष्ट अंग्रेजी माध्यमिक विद्यालयका संस्थापक प्रिन्सिपल हुन् । बिगत लामो समयदेखि संस्थागत विद्यालयको छाता संगठन प्याब्सनमा आवद्ध घिमिरे केन्द्रीय सल्लाहकारमा मनोनित भएसंगै प्याव्सन झापाले स्वागत सम्मान गरेको छ ।

प्याब्सन झापाको कार्यालयमा आयोजित कार्यक्रमकाबीच



घिमिरेलाई स्वागत सम्मान गरिएको प्याब्सन झापाका सचिव लक्ष्मीप्रसाद उप्रेतीले जानकारी दिए ।

प्याब्सनको केन्द्रीय सल्लाहकारमा मनोनित घिमिरे निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) झापाको दुई कार्यकाल अध्यक्ष थिए । उनी २०६६/देखि २०७० सम्म प्याब्सन झापाको अध्यक्ष थिए । त्यसलगत्तै केन्द्रीय सदस्य बनेका उनी मुलुकमा संघीयता आएपछि पहिलो पटक कोशी प्रदेश अध्यक्ष बने । दुई कार्यकाल केन्द्रीय उपाध्यक्ष बनेका घिमिरे हाल सल्लाहकारमा मनोनित भएका हुन् । नेपाल रेडक्रस सोसाइटी लगायत विभिन्न सामाजिक संघ संस्थामा समेत आवद्ध उनी राष्ट्रिय सहकारी संघमा दुई पटक सञ्चालक बनेका थिए । प्याब्सनको केन्द्रीय सल्लाहकारमा मनोनित घिमिरे लामो समयदेखि शिक्षा क्षेत्रमा काम गर्दै आएका छन् ।

# राज्यका निकायले चिन्ने नागरिकता दिन गैरआवासीय नेपालीहरूको माग

झापा(प्रस) । गैरआवासीय नेपालीहरूले राज्यका निकायले चिन्ने नागरिकता दिन माग गरेका छन् ।

सोमबार सिंहदरबारमा बसेको प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समिति बैठकमा भएको नेपाल नागरिकता ऐन,२०६३ लाई संशोधन गर्न बनेको गैरआवासीय नागरिकता प्रदान हुँदै आएको छ। तर अंशबन्डा लगायतमा गैरआवासीय नागरिकतालाई मान्यता नदिइएको उनीहरूको गुनासो छ ।

छलफलका क्रममा गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष डा उपेन्द्र महतोले नेपाली नागरिकसरहको अधिकार हुने गरी नागरिकता प्रदान संघकी पूर्व अध्यक्ष रविना थापाले मालपोतले समेत नचिन्ने गैरआवासीय नागरिकताले समस्या उत्पन्न भएकाले वंशको आधारमा नागरिकता लिएका नेपाली नागरिकतालाई निरन्तरता दिनुपर्ने सुझाव दिइन् ।

त्यस्तै ब्रिटिस गोर्खा सैनिकहरूले पनि नागरिकतामा विभेद भएकाले अव कानुन बनाउँदा त्यसमा ध्यान



विधेयकमाथिको छलफलमा उनीहरूले गैरआवासीय नेपालीलाई राज्यले प्रदान गरेको नागरिकतालाई नेपालकै निकायहरूले मान्यता नदिएकाले राज्यका निकायले चिन्ने नेपाली नागरिकता दिन माग गरे ।

गैरआवासीय नेपालीहरूलाई अहिले गर्नुपर्नेमा जोड दिए । उनले सांसद हुन चाहने व्यक्ति नेपालको नागरिक मात्रै हुनुपर्नेमा आफूहरू स्पष्ट रहेको भन्दै अन्य अधिकार प्रयोग गर्न पाउने गरी नागरिकता दिने व्यवस्था कानुनमा गर्नुपर्ने उल्लेख गरे ।

त्यस्तै गैरआवासीय नेपाली दिनुपर्ने उल्लेख गरेका थिए । समिति सभापति रामहरि खतिवडाले गैरआवासीय नेपालीका लागि प्रदान गरिने नागरिकताका सम्बन्धमा सरकारले स्पष्ट धारणा ल्याउने र त्यसलाई विधेयकमा समावेश गरिने प्रतिबद्धता जनाए ।

# पानीको भाँडामा डुबेर २ बर्षका बालकको मृत्यु

झापा(प्रस) । पानीको भाँडामा डुबेर ताप्लेजुङमा २ बर्षका बालकको मृत्यु भएको छ । आइतवार बिहान ८:४५ बजे ताप्लेजुङ मैवाखोला-३ गुम्बाडाँडा बस्ने तेन्जी शेर्पाका छोरा २ वर्षीय निसान शेर्पाको आँगनमा पानी भरेर राखिएको रक्सी (जाँड) पकाउने सिल्भरको भाँडामा डुबेर मृत्यु भएको हो । उनका आमा बुवा घरनजिकै रहेको खेतमा काम गर्न गएका थिए । छिमेकी पेम्मा शेर्पाले प्रहरी चौकी साँघुमा जानकारी गराउनसाथ प्रहरी टोली खटिएर बुझ्दा मृतक बालकको शव भाँडाबाट निकाली घरको सिकुवामा राखेको भेटिएको थियो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# चैतुवारीमा मृत भेटिएका व्यक्तिको पहिचान खुल्यो



झापा(प्रस) । झापाको बिर्तामोड- २ स्थित चैतुवारीमा मृत भेटिएका व्यक्तिको पहिचान खुलेको छ ।

मृतक भारत आसाम सिरोङ बस्ने ४३ वर्षीय दिपेन मादुवा भएको खुलेको हो । उनको नेपालमा कोही पनि आफन्त नरहेको र आसाममा रहेका आफन्तलाई जानकारी गराइसकेको जिल्ला प्रहरी कार्यालयका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक प्रवीण श्रेष्ठले बताए ।

चैतुबारीस्थित श्रीराम प्लाई उद्योग छेउमा चप्पलको सिरानी लगाएर सुतेकै अवस्थामा उनको मृत्यु भएको थियो । मृतकको शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ ।

# कारले सिटी रिक्सालाई ठक्कर दिँदा चारजना गंभीर घाइते




झापा(प्रस)। झापाको मेचीनगरमा कारले सिटी रिक्सालाई ठक्कर दिँदा चारजना गंभीर घाइते भएका छन् । आइतवार राति ११:१५ बजे मेचीनगर नगरपालिका वडा न. ७ पालिया पुलस्थित पूर्वपश्चिम राजमार्गमा धुलाबारीबाट काँकरभिट्टातर्फ जाँदै गरेको डब्लुबी ७४ एएक्स ७८२८ नं.को भारतीय कारले बिपरीत दिशाबाट आउँदै गरेको प्रदेश नं.१-०१-००१ ह.८०९१ नं.को सिटीलाई ठक्कर दिएको हो । सिटीलाई ठक्कर दिएसंगै सो कार पालिया पुलको दक्षिण साईडको रेलिङ समेतमा ठोक्किएकोथियो। दुर्घटनामा कार चालक मेचीनगर ६ बस्ने २८ वर्षीय राजु राजवंशी ,सिटी चालक मेचीनगर ७ बस्ने ३५ वर्षीय बिरेन्द्र सरदार,सिटीमा सवार सोही ठाउँ बस्ने ३१ वर्षीय सुशिल राजवंशी र ३० वर्षीय बिगेन राजवंशी घाइते भएका छन् । चारैजनाको अबस्था गंभीर रहेको छ ।

घाइतेहरुलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड पठाइएको छ । कार र सिटी घटनास्थलमा रहेको प्रहरीले जनाएको छ ।

# प्याब्सन झापाको भवन स्तरोन्नति गरिँदै




झापा, जेठ २६ । निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) झापाले भवन स्तरोन्नति गर्ने भएको छ । बिर्तामोड नगरपालिका १ स्थित गैरीगाउँमा रहेको एक तले भवनको स्तरोन्नति गर्दै आधुनिक र सुविधासम्पन्न भवन निर्माण गर्न लागिएको हो ।

जसका लागि प्याव्सन झापाका प्रमुख सल्लाहकार एवम् कोशी प्रदेशका सचिव गौरीमान फागोको संयोजकत्वमा ११ सदस्यीय भवन निर्माण उपसमिति गठन गरिएको छ । समितिको सदस्यहरुमा एलपी उप्रेती, छत्रवहादुर कार्कीसहित सचिवालयका अन्य सदस्य रहेका छन् । सचिवालमा हरिकृष्ण पाठक, टीआर गौतम, इश्वरा श्रेष्ठ, लक्ष्मीप्रसाद उप्रेती, अमृतकुमार तिम्सिना, जीवन शिवाकोटी , विनोद सुब्बा र नारायण सुवेदी रहेका छन् । समितिले भवन निर्माणको काम तत्कालै शुरु गर्ने जनाएको छ ।

झापा प्याब्सनको सम्पन्न बैठकले प्राज्ञिक सल्लाहकार समितिसमेत गठन गरेको छ । जसमा मोहन सुब्बा, गुरुभक्त न्यौपाने, राम सिटौला, अमृतवहादुर बुढाथोकी, अखिल कोइराला, जनार्दन ढकाल र हरि अधिकारी रहेका छन् ।

त्यस्तै साँस्कृतिक कार्यक्रम उपसमिति संयोजकका रुपमा हरिकृष्ण पठक चयन भएका छन् । समितिको सदस्यहरुमा याम दंगाल, वद्रीराम राई, अनुप रोय, जनार्दन मैनाली, मिलन श्रेष्ठ, समिक्षा गौतम रहेका छन् । समितिले पालिका तथा जिल्ला स्तरीय विभिन्न प्रतियोगितात्मक कार्यक्रम गर्ने गराउने छ ।

यता लक्ष्मीप्रसाद उप्रेतीको संयोजकत्वमा इसीए उपसमिति गठन भएको छ । समितिमा टेकनाथ तिम्सिना र धनप्रसाद राजवंशी सदस्य रहेका छन् ।

अमृतकुमार तिम्सिनाको संयोजकत्वमा खेलकुद उपसमिति गठन भएको छ । जसको सदस्यहरुमा बिक्रम क्षेत्री, विनोद उप्रेती, दिपक संग्रौला, गणेश श्रेष्ठ, विनोद वुढाथोकी, सिताराम बराल, लीलामणि राई र कल्पना थापा रहेका छन् ।

जीवन शिवाकोटीको संयोजकत्वमा तालिम उपसमिति गठन भएको छ । समितिको सदस्यहरुमा भवानीप्रसाद पाठक, सुरेन्द्र खरेल, उत्तम खनाल, डम्वरु रुचाल रहेका छन् ।

यता भीम विजय बास्तोलाको संयोजकत्वमा लेखा उपसमिति गठन भएको छ । जसको सदस्यमा गोकुल उप्रेती र प्रमिला बजगाई रहेका छन् । विनोद सुब्बाको संयोजकत्वमा विवाद समाधान उपसमिति गठन भएको छ । जसको सदस्यमा तिलक पाख्रिन, रामप्रसाद सुहाङ , रुद्र सिटौला, भोजबहादुर कार्की , विष्णु सापकोटा र मोहन थापा रहेका छन् । यसअघि प्याब्सन झापाका अध्यक्ष छत्रवहादुर कार्कीको अध्यक्षतामा नौ सदस्यीय सचिवालय, वरिष्ठ उपाध्यक्ष हरिकृष्ण पाठकको संयोजकत्वमा परीक्षा उपसमिति र सचिव लक्ष्मीप्रसाद उप्रेतीको संयोजकत्वमा पाँच सदस्यीय सूचना तथा सञ्चार उपसमिति गठन भएको थियो ।

प्याब्सन झापाले हाल जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाको सहकार्यमा पालिका स्तरीय ट्राफिक सचेतना कार्यक्रम गर्दै आएको छ । सामाजिक कार्यमा 'संस्थागत विद्यालय' र 'विपदमा प्याब्सन' भन्ने नारासहित अति विपन्न विद्यार्थीको अभिभावकत्व ग्रहण लगायतका काम गर्दै आएको छ । यसका साथै निजी विद्यालयहरुको संरक्षण, शिक्षक साथै कर्मचारीहरुको पेशागत हित , विद्यार्थीलाई समयसापेक्ष र गुणस्तरीय शिक्षा प्रदान गर्न अब्बल जनशक्ति उत्पादनका लागि सृजनात्मक काम गर्दै आएको प्याब्सन झापाका अध्यक्ष छत्रवहादुर कार्कीले बताए ।

# इलाका प्रहरी कार्यालय कुमरखोदको प्रमुखमा मोक्तान

झापा(प्रस)। इलाका प्रहरी कार्यालय कुमरखोदको प्रहरी प्रमुखमा इलाका प्रहरी कार्यालय दमकबाट प्रहरी नायव निरीक्षक किरण मोक्तान सरुवा भएर आएका छन् ।कुमरखोद प्रहरीप्रमुखबिपिन थापाको इलाका प्रहरी कार्यालय बिर्तामोड सरुवा भएसगै उनको ठाउँमा मोक्तान आएका हुन् । थापा ६ महिनाअघि इलाका प्रहरी कार्यालय कुमरखोद प्रमुखका रुपमा सरुवा भएर आएका थिए । पछिल्लो समय इलाका प्रहरी कार्यालय कुमरखोदमा प्रायः ६/६ महिनामा प्रहरी प्रमुखहरुको सरुवा हुँदै आएको छ ।




इलाका प्रहरी कार्यालय कुमरखोदको कमाण्ड सम्हालेका मोक्तानले लागूऔषध र तस्करी नियन्त्रणमा प्राथमिकताका साथ लाग्ने बताएका छन् ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# गर्मीबाट बचौं

केही दिनदेखि तराई क्षेत्रमा ह्वात्तै गर्मी बढेको छ । मनसुन भित्रिएपनि पानी नपर्दा गर्मी बढेको हो । हरेक दिन गर्मी बढ्दो क्रममा छ । गर्मी बढ्दै जाँदा हामीले धेरै कुरामा ध्यान दिनुपर्छ । स्वास्थ्य नै धन हो भन्ने गरिन्छ । त्यसैले स्वास्थ्यको विशेष ख्याल राख्नु आवश्यक हुन्छ । आफ्नो शरीर स्वस्थ राख्न जरुरी छ । बिहान उठेदेखि साँझ नसुतुञ्जेलसम्म ध्यान दिनुपर्नेछ ।

अन्य अवस्थामा भन्दा यस्तो अवस्थामा हरेक समयमा ख्याल राख्नुपर्छ । सबैभन्दा हामीले खानेपानीमा ध्यान दिनुपर्छ । बासी खाना र बजारमा पाइने खाना खानुहुँदैन । पहिरनमा ध्यान दिनुपर्छ । यो समयमा सबैभन्दा धेरै ठूलो समस्याको रुपमा झाडापखाला हुने गरेको छ । पछिल्लो समय स्वास्थ्य चौकी तथा अस्पतालहरुमा यस्ताखालका बिरामीहरुको संख्या ह्वात्तै बढेको छ । कतिपय अवस्थामा उपचारका लागि पालो कुनुपर्नेसम्मको अवस्था सिर्जना हुने गरेको छ ।

हामीले विगतलाई हेर्ने हो भने गर्मीयाममा झाडापखाला कै कारण मानिसहरुको मृत्यु हुने गरेको छ । प्रकोपकै रुपमा पनि फैलिरहेको देखेका छौं । यस्तो बेलामा विशेष गरेर सहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रका नागरिकले ध्यान दिनुपर्ने देखिन्छ । आफ्नो स्वास्थ्यको उचित स्याहार र सतर्कता नअपनाउँदा धेरै किसिमका समस्या उत्पन्न भएका छन् । त्यसैले आग्रह छ, 'आफ्नो स्वास्थ्यको पूर्णरुपमा ध्यान दिनुहोस् । लापरबाही नगर्नुहोस् मानिसको ज्यानै जान सक्छ ।'

खानुभन्दा अघि राम्रोसँग हात, मुख धुने गर्नुपर्छ । अत्यधिक तातोका कारण विभिन्न किसिमका समस्या देखा पर्दछ । अर्को कुरा भनेको गर्मीयाममा पानी प्रशस्त मात्रामा पिउनुपर्छ । त्यो पनि शुद्ध पानी पिउन जरुरी हुन्छ । धेरै पानी खाने निहुँमा अशुद्ध पानी पिउनुभयो भने पनि समस्या हुन्छ । पानीका कारण विभिन्न किसिमका समस्या उत्पन्न हुन सक्छन् ।

चर्किंदो गर्मीसँगै तराई क्षेत्रमा तातो हावा चल्न सुरु हुन्छ । एकातिर घामको राप, अर्कोतिर तातो हावा । यस्तो गर्मीमा 'लू' को समस्या हुन्छ । यो गर्मी मौसमको बिरामी हो । मौसमी समस्या भएकाले लू जसलाई पनि लाग्न सक्छ । खासगरी तराई क्षेत्रमा लूबाट बच्न सतर्कता अपनाउनु पर्छ । लूको कारण ज्यान जान पनि सक्छ । गर्मीको कारण धेरै पसिना बग्छ । शरीरमा नुन र पानीको कमी हुन्छ । यसले शरीरको रगतमा तापमान वृद्धि गर्छ ।

शरीरमा पानीको मात्रा कमी हुनु लू लाग्ने एउटा कारण हो । जब शरीरमा पानी र नुनको मात्रा घट्छ, रगतको तापमान बढ्छ, टाउको भारी हुन्छ । नाडीको गति बढ्छ । रगतको गति पनि तिव्र हुन्छ । श्वासप्रश्वासको गति असामान्य हुँदै जान्छ । हात, खुट्टा र तालुमा जलन बढ्छ । आँखामा पनि जलन बढ्छ । यसले गर्दा अचानक बेहोस हुन्छ र मृत्यु हुन पुग्छ ।


Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# सामुदायिक विद्यालयको भविष्य



• प्राडा कृष्णकान्त पराजुली

हरेक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने संविधानमा उल्लेख छ । जसका कारण गरिब, गरिबीको रेखामुनि रहेका तथा विपन्न वर्गका बालबालिकाले पनि शिक्षा पाउने सुनिश्चित गर्दा बालश्रम घटाउने, दीर्घकालीन रूपमा सामाजिक तथा आर्थिक अवस्थामा सुधार, भ्रष्टाचार नियन्त्रण, सामाजिक विकासमा योगदान, लैङ्गिक र जातीय समानता कायम भई राष्ट्रको समग्र विकासमा सहयोग पुग्छ । यसको सफल कार्यान्वयनका लागि पर्याप्त स्रोतसाधन, गुणस्तरीय शिक्षा व्यवस्थापन, आर्थिक अवस्थाका कारण चुनौतीपूर्ण बनेको छ ।

भौगौलिक विकटता, सामाजिक चेतनाको स्तर, नागरिकको कमजोर आर्थिक अवस्था यसका थप चुनौती हुन् । यथावत् सोच र अवस्थालाई कायम राखेर व्यवस्थापन गर्न खोजिएमा राज्यले उचित व्यवस्थापन गर्न सक्दैन । भइरहेको अवस्थालाई अतिरिक्त आर्थिक भारबिनै केही सुधार गर्न सकिने यथार्थ धरातलीय उपाय खोजी गर्नु जरुरी छ ।

विगतमा नेपालका कतिपय विद्यालय स्थानीयको आवश्यकता भन्दा पनि भोट अर्थात् राजनीतिक प्रतिस्पर्धाका कारण खुलेका छन् । तत्कालीन अवस्थामा त्यो स्वाभाविक पनि मानियो किनकि त्यतिबेला विद्यालय वरिपरि केही जनघनत्व पनि थियो । हाल प्रायजसो गाउँका बस्तीमा विविध कारणले जनघनत्व ह्वात्तै घटेको छ । विद्यालय पढ्ने उमेर समूहका बालबालिका ज्यादै न्यून भएका समाचार हामी दिनहुँ सुनिरहेकै छौं । औसतमा १०/१२ वटा माध्यमिक विद्यालयको एसइई केन्द्रमा सहभागी विद्यार्थी संख्या खोज्दा १००/१५० विद्यार्थी मात्र भेटिन्छन् । सहज अनुमान गर्न सकिन्छ कि ती विद्यालयमा कति विद्यार्थी छन् । आधारभूत विद्यालयमा त झन् विद्यार्थी संख्या ज्यादै न्यून भेटिन्छ । विद्यार्थी संख्या न्यून हुन जाँदा एकातिर राज्यको लगानी खेर गइरहेको छ भने अर्कोतिर विद्यार्थीबिचको शैक्षिक प्रतिस्पर्धा कमजोर हुन गई शैक्षिक गुणस्तर खस्किँदो छ ।

अर्कोतर्फ कतिपय विद्यालयमा शैक्षिक जनशक्ति उपलब्ध हुन सकेको छैन । राज्यले शिक्षक दरबन्दी उपलब्ध गराउन नसक्नु तथा दरबन्दी उपलब्ध भए पनि जनशक्ति उपलब्ध नहुनु आदि समस्याले विद्यार्थीले योग्य शिक्षक पाउन नसक्दा शैक्षिक गुणस्तर खस्कँदो छ । शैक्षिक गुणस्तर कमजोर हुन थालेपछि बालबालिकाको शिक्षामा सचेत अभिभावक आफ्नो कमजोर आर्थिक अवस्था भए पनि गाउँ छाडी नजिकै रहेको सहरमा केन्द्रित हुन बाध्य हुँदा गाउँ रित्तिने क्रम तीव्र बन्दै गइरहेको छ । जसका कारण गाउँका प्रायजसो घर खाली हुने तथा खेतबारी बाँझै रहने क्रम पनि तीव्र हुँदा राज्यले ठुलो आर्थिक सङ्कटको सामना बेहोरिरहेको छ ।

उल्लिखित समस्यालाई महसुस गरी राज्यले तत्काल केही नयाँ कदम चल्नुपर्ने छ । गाउँका आधारभूत तथा माध्यमिक तहका विद्यालयको विद्यार्थी सङ्ख्या र शिक्षक दरबन्दी यकिन गरी स्थानीय निकायसँगको समन्वयमा विद्यार्थी सङ्ख्या र दुरीका आधारमा विद्यालय गाभ्ने योजना तयार गरी कार्यान्वयन गर्न आवश्यक छ । यसलाई संसद्को विद्यालय शिक्षा विधेयक-२०८० का सम्बन्धमा गठित उपसमितिको प्रतिवेदनले समेत प्रस्ताव गरेको छ । प्रस्तावमा विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, कक्षा वा तह घटाउने, बन्द गर्ने आदि उल्लेख छ ।

स्थानीय निकायको सहयोगमा गाभिने विद्यालयको भौतिक पूर्वाधार, पूर्वविद्यालयबिचको दुरी, मानव बस्ती, गाडी गुड्न सक्ने बाटोको पूर्वाधार, आदिलाई ख्याल गरी विद्यालय छनोट गर्ने र गाभिएका विद्यालयका पूर्वभवनमा शिक्षक आवास तथा विद्यार्थीका लागि छात्र/छात्रावास सञ्चालन गर्नु पर्छ । विद्यालय सञ्चालन गर्न सकेमा भौतिक पूर्वाधारले सम्पन्न, योग्य तथा तालिम प्राप्त शैक्षिक जनशक्तिको उपलब्धता, राज्यद्वारा थप लगानी नगरी भइरहेकै साधन र स्रोतबाट उत्कृष्ट, गुणस्तरीय सुविधा सम्पन्न शैक्षिक संस्था स्थापित हुने छ । यसरी गाभिँदा शैक्षिक जनशक्ति जगेडा रहन पनि सक्छ । उक्त जगेडा जनशक्ति अन्यत्र उपयोग गर्न सक्दा राज्यलाई आर्थिक भार कम हुन जान्छ ।

पूर्ववर्ती विद्यालय सञ्चालन गर्नुपर्दा लाग्ने अन्य खर्चबाट शिक्षक तथा विद्यार्थीका लागि ज्यादै सहुलियत दरमा शिक्षक आवास तथा विद्यार्थी छात्र/छात्रावास सञ्चालन खर्च एवं शिक्षक आवास तथा विद्यार्थी छात्र/छात्रावासदेखि विद्यालयसम्म तथा अन्य शैक्षिक भ्रमणका लागि यातायातको सहजै व्यवस्था गर्न सकिन्छ । साथै बाँकी रहन गएका विद्यालय भवनलाई कृषि तालिम केन्द्र, सिप प्रशिक्षण तालिम केन्द्र, विशेष शिक्षाका कक्षा सञ्चालन केन्द्र, स्वास्थ्य तालिम केन्द्र तथा स्थानीय जनसरोकारसँग सम्बन्धित कार्यक्रमका लागि उपयोग गर्न सकिन्छ ।

संसद्को शिक्षा समिति, उपसमिति तथा संसद्मा वा अन्यत्र केही राजनीतिक दलका नेताले संस्थागत विद्यालय सम्बन्धमा भए गरिएका बहस वास्तविक धरातल भन्दा लोकप्रियताका लागि तथा भोटका लागि गर्ने गरेको देखिन्छ । धेरैजसो दल तथा नेता सामुदायिक विद्यालयको विकासका लागि मात्र बोल्नुपर्ने र संस्थागत विद्यालयको पक्षमा बोल्न नहुने भन्ने मानसिकताले ग्रसित देखिन्छन् । संस्थागत विद्यालयमा नेपाली शैक्षिक लगानीकर्ताको करिब छ खर्बभन्दा बढी लगानी भएको अनुमान गरिन्छ, जुन देशको कुल वार्षिक बजेटको एक तिहाइभन्दा बढी हुन जान्छ ।

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत रहेको शिक्षा मानव तथा स्रोत विकास केन्द्र २०८१ को रिपोर्ट अनुसार नेपालमा ३५,४४७ विद्यालयमध्ये सामुदायिक विद्यालयतर्फ २६१०३ (७३.६ प्रतिशत) र संस्थागत विद्यालयतर्फ ८१४९ (२३ प्रतिशत ) विद्यालय रहेको देखिन्छ । विद्यार्थी सङ्ख्याका आधारमा आधारभूत तह र माध्यमिक तहमा गरी कुल विद्यार्थी सङ्ख्या ७०,१०,८०८ मध्ये सामुदायिक विद्यालयतर्फ ४६,४२,७२ ९ (६६.२२ प्रतिशत) र संस्थागत विद्यालयतर्फ अध्ययनरत विद्यार्थीको सङ्ख्या २३,६८,०७९ (३३.७८ प्रतिशत) देखिन्छ । शैक्षिक जनशक्तिका आधारमा सामुदायिक विद्यालयतर्फ २४,७,४४४ र संस्थागततर्फ ९१,२७९ ले रोजगारी प्राप्त गरेको देखिन्छ । शैक्षिक गुणस्तरका आधारमा मूल्याङ्कन गर्दा संस्थागत विद्यालयको नतिजा एवं गुणस्तर सामुदायिकको तुलनामा धेरै उच्च छ ।

उल्लिखित तथ्याङ्कबाट प्रतिविद्यालय विद्यार्थीभार सामुदायिकतर्फ १७८ र संस्थागत विद्यालयतर्फ २९१ देखिन आउँछ । यही तथ्याङ्कलाई आधार मानी आर्थिक वर्ष २०८२/८३ मा शिक्षा मन्त्रालयलाई छुट्याइएको बजेट दुई खर्ब ११ अर्बको हिसाब गर्दा प्रति विद्यार्थी खर्च ४५,४४७ (इसिइडी) समावेश गरेमा यो खर्च केही कम हुन्छ) हुन जान्छ । यही दरमा संस्थागत विद्यालयतर्फका विद्यार्थीलाई खर्च छुट्याउनु परेमा राज्यले अतिरिक्त आर्थिक भार प्रतिवर्ष एक खर्ब सात अर्ब ६२ करोड (चालु पुँजी मात्र) बहन गर्नुपर्ने हुन जान्छ । यो तथ्याङ्कले संस्थागत विद्यालयले राज्यलाई ठुलो योगदान गरेको देखिन्छ ।

राजनीतिक उत्तेजनामा आएर संस्थागत विद्यालयका सञ्चालक, व्यवस्थापकलाई अपमान गर्ने, संस्थागत विद्यालयका शिक्षक, कर्मचारीलाई राज्यवाट नियमित प्रदान गरिने तालिमबाट वञ्चित गर्ने, आफ्नो घरनजिक रहेको सामुदायिक विद्यालयको गुणस्तर तथा व्यवस्थापन भद्रगोल देखेपछि कमजोर आर्थिक अवस्थाका वाबजुद पनि संस्थागत विद्यालयमा आफ्ना बालबालिका पठाउने जस्ता क्रियाकलाप उल्लेख छन् । अभिभावकलाई हुनेखाने वर्ग देख्नु र सोही कारणले उनीहरूका बालबालिकालाई राज्यबाट भविष्यमा प्राप्त हुने अन्य अवसर, सेवा सुविधाबाट संस्थागत विद्यालयमा अध्ययन गरेकै कारण वञ्चित गर्ने काम गरिनु राज्यबाट गरिने अन्याय हो । साथै यस्तो दृष्टिकोण बनाउनु दृष्टिदोष पनि हो । राज्यले संस्थागत विद्यालयलाई आफूले वहन गर्नुपर्ने दायित्व वहन गरिदिएकोमा र आफ्ना नागरिकलाई रोजगारीको अवसर प्रदान गरेकोमा सधन्यवाद कृतज्ञता व्यक्त गरिनु पर्छ । यसको अर्थ यसलाई राज्यको एउटा अङ्गका रूपमा ग्रहण गरी निरन्तर निगरानी तथा अनुगमन गरी राष्ट्रिय मापदण्डको अधीनमा राखिनु पर्छ । राज्यले संस्थागत विद्यालयले दिएको गुणस्तर घटाएर, त्यसलाई हतोत्साहित गरी भत्काउनुभन्दा सामुदायिक विद्यालयको स्तरोन्नति गरी सबै नागरिकको पहिलो रोजाई स्वतः सामुदायिक विद्यालय बनाउनु कर्तव्य हुने छ । त्यतिबेला संस्थागत विद्यालयले हामीलाई किन विस्थापित गऱ्यो भनेर प्रश्न गर्ने ठाउँ पनि रहने छैन । संस्थागत विद्यालयलाई भत्काएर होइन सामुदायिक विद्यालयको स्तर उन्नति गरी संस्थागत विद्यालयको विपक्षमा हुने गरेका सडकदेखि संसद्सम्मको बहस अन्त्य गरौं ।

शिक्षा क्षेत्रसँग सम्बन्धित अर्थमन्त्रीको बजेट वक्तव्य २०८२/०८३ मा विद्यालय गाभ्ने सम्बन्धमा गरिएको योजना तथा संस्थागत विद्यालयको योगदान सम्बन्धमा गरिएको महसुसलाई स्वागतयोग्य मान्न सकिन्छ । सबै मिली सामुदायिक विद्यालयको स्तरोन्नति गरौं । यसका लागि स्थानीय बुद्धिजीवी, सेवानिवृत्त शिक्षक, स्वयंसेवक शिक्षकलाई सम्मानजनक रूपमा परिचालन गरौं, जसले जीवनको निवृत्त समयमा धन होइन सम्मानजनक जीवन चाहन्छ र सेवा गर्दा गर्व महसुस गर्छ ।

# विपतमा स्वास्थ्य चुनौती



• डा.प्रकाश बुढाथोकी

दिनपछि रात भने जस्तै समय परिवर्तन र चक्रसँगै जाडो मौसमपछि गर्मी मौसम त्यसपछि वर्षा मौसम आउने गर्छ । वातावरण परिवर्तनले स्वास्थ्यमा प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव पर्छ र स्वास्थ्यको दृष्टिले संवेदनशील बन्छ । गर्मी मौसममा हुने सरुवा रोगहरू केही श्वासप्रश्वास र धेरै जसो पाचन प्रणालीसंग सम्बन्धित हुन्छन् ।

**गर्मी तथा वर्षायामका समस्या**

श्वासप्रश्वास प्रणाली नाकदेखि फोक्सोसम्म तथा पाचन प्रणाली खाने मुखबाट सुरु भई निष्कासनद्वार मलद्वारसम्म पर्छ । कीटाणुको सङ्क्रमण जति तल वा फोक्सोतिर भयो त्यति नै साह्रो हुन्छ । नाकमा सङ्क्रमण भए साधारण रुघाखोकी त फोक्सोमा सङ्क्रमण भए निमोनिया, छातीको सङ्क्रमण भई ज्वरो, खोकी, सेतो वा पहेँलो खकार, छाती दुख्ने, श्वास फेर्न गाह्रो हुने गर्छ । गर्मी मौसममा धेरैजसो रोग फोहोर खाना र पानीबाट लाग्ने भएकाले पाचन प्रणालीमा असर पुऱ्याउँछ ।

गर्मीमा वृद्ध तथा दीर्घरोगीको शारीरिक तापक्रम नियन्त्रण गर्ने मस्तिष्कको हाइपोथालामसले राम्रो काम गर्न नसक्दा तापक्रम बढ्दै गई बाह्य तापक्रमले नराम्रो प्रभाव पारी ज्यानै जान सक्छ । यसलाई 'हिट स्ट्रोक' भनिन्छ । भर्खरै भर्ना भएका सिपाही, पहलमान, घाममा ज्यादा परिश्रम गर्ने युवकयुवतीलाई 'हिट स्ट्रोक' हुन सक्छ । शरीरभित्र तापक्रम बढेपछि 'प्रिअप्टिक न्युक्लियस' सञ्चालनमा आई स्वचालित स्नायुले छालामा रक्तसञ्चार बढाउने, पसिना काड्न लगाउँछन् । पसिना बाफमा परिणत हुँदा तापक्रम कम हुन्छ । तर बाहिरको तापक्रम शरीरको भन्दा बढी भए शरीरको तापक्रम बाहिर निस्कन सक्दैन । मस्तिष्कले शरीरको तापक्रम नियन्त्रण गर्न छाडिसकेपछि शरीरको तापक्रम बढ्दै १०८ डिग्री फरेनहाइटभन्दा ज्यादा भएपछि दहनक्रियामा मद्दत गर्ने 'इन्जाइम'हरूले काम गर्न छोड्छन्, रगतमा विषाक्तहरू जम्मा भई सबै अङ्ग रुग्न हुन थाल्छन् । मानसिक औषधीले यस्तोमा होस गुमाउन सक्छन् । शल्यक्रियामा बेहोस गर्न प्रयोग गरिने औषधीले कडा तापक्रम गराउन सक्छ । वैज्ञानिकको अध्ययनमा 'हिट स्ट्रोक' हुँदा २१.६३ प्रतिशतको मृत्यु भएको पाइएको छ ।

**तातो हावा अर्थात् लु**

अत्यधिक गर्मीमा वायु मण्डलले तातो हावा फ्याक्छ । जसले लु लाग्न सक्छ । लु लाग्दा शरीरबाट पसिना धेरै निस्केर पानीको कम हुन गई उत्पन्न हुने समस्या र अङ्गले तापक्रमलाई व्यवस्थित राख्न नसकी कमजोरी हुने सिर्जित नकारात्मक असर हुन्छ । लुबाट बच्न पर्याप्त पानी पिउनु पर्छ । बिहान ११ बजेदेखि दिउँसो ३ बजेको समयमा घाममा ननिस्कने यदि निस्कनै परेमा छाताको प्रयोग गर्नु पर्छ । पानीको बोतल साथैमा राखी पटक पटक पानी पिउनु पर्छ । खानामा शाकाहारी खानेकुरा, झोल पदार्थ, फलफूल प्रशस्त मात्रामा खानु पर्छ । कडा घाममा नसालु पदार्थ सेवन गर्नु हुँदैन ।

**'हिट स्ट्रोक'/'सन स्ट्रोक'**

उच्च तापक्रममा मांसपेशी रुग्न हुन्छन्, कलेजोमा असर परी रक्तग्लुकोज कम हुन्छ, चाडो चाडो सास फेर्ने, मुटु तीव्र गतिले चल्ने, फोक्सोमा तरल पदार्थ जम्ने र श्वास फेर्न अप्ठ्यारो हुने, अवाञ्छित मुटुको चालका कारण समयमै उपचार नभए मृत्यु हुन सक्छ । रगतमा अम्लपना बढी क्याल्सियमको सक्रियतामा कमी भई 'टेटानी, रिकेट' हुन सक्छ । तातोपनले निस्केको पसिना बाहिर आउन नसक्दा छालामा चिलाउने मसिना डाबर आउँछ, जमेको पसिनाले सङ्क्रमण भई चर्मरोग लाग्छ । गर्मीले हातगोडामा सुजन, रक्तचाप कम, अचानक मस्तिष्कमा रक्तसञ्चार कम भई बेहोस हुन सक्छ ।

**मनसुनजन्य विपत् प्रतिकार्य**

प्री मनसुन सुरु भएको दुई हप्ता भइसकेको छ । निरन्तर दोहोरिने तथा जलवायु परिवर्तनबाट हुने असरको प्राकृतिक विपत् जोखिमले नेपाल विश्वमै अग्रस्थानमा छ । उत्तरबाट दक्षिणतर्फ बहने खोलानाला र खहरेले बाढी, पहिरो, डुबान, हिमपहिरो तथा हिमताल बिस्फोटन, चट्याङ, डढेलो, आगलागी जस्ता प्राकृतिक विपत् बर्सेनि दोहोरिने गरेका छन् । भूकम्पीय जोखिमका हिसाबले ११ औं, जल उत्पन्न प्रकोपमा ३० औं, जलवायु परिवर्तनको असरले हुने बाढी, खडेरी र पहिरोमा चौथो र हरितगृह ग्यास उत्सर्जनका हिसाबले १०९ औं स्थानमा पर्छ । त्यसैमा पछिल्लो समयमा अध्ययन, अनुसन्धान र वातावरणीय प्रभाव विश्लेषणबिना खनिएका सडक संरचनाले थप मलजल गरेका छन । विपत्बाट कुल गार्हस्थ उत्पादनमा वार्षिक तीनदेखि पाँच प्रतिशत ह्राससँगै आर्थिक नोक्सानी भइरहेको छ ।

जल तथा मौसम विज्ञान विभागले सरदर तथा गत वर्षभन्दा बढी वर्षा र गर्मी हुने अनुमान गरेको छ । यही जेठ १८ देखि असोज १४ सम्मको मनसुनमा प्रदेश र स्थान हेरेर ३५ देखि ६६ प्रतिशत बढी वर्षा हुने आकलन छ । यस वर्षको विपत्मा चार लाख ५० हजार घरका २० लाख नागरिक प्रभावित हुने र प्रभावितमध्ये १० प्रतिशतलाई उद्धार र राहत गर्नुपर्ने अनुमान छ ।

उच्च जोखिममा फ्लाइङ स्क्कार्ड तयारी, खोज, उद्धार र राहतका लागि स्रोतसाधनको व्यवस्थापन गरिएको छ । विभिन्न स्थानमा चेतावनीमूलक साइरन प्रणाली जडान भएको छ । हजारौं नेपाली सेना, सशस्त्र र जनपद प्रहरी सुरक्षाकर्मी विपत् प्रतिकार्यका लागि र तीन स्थानमा हेलिकप्टर तैनाथ गरिँदै छ । बेलिब्रिज, बोट जस्ता आपत्कालीन सामान रणनीतिक स्थानमा राखिएका छन् । कमान्ड पोस्ट खडा गरिएको छ । त्यसै गरी प्रदेश, जिल्ला र स्थानीय तहमा तयारी अवस्थामा रहने गरी प्रतिकार्य र गोदामघर स्थापना र भण्डारण भएको छ । जसको स्वीकृति प्राधिकरणको जेठ १४ गतेको कार्यकारिणी परिषद्को ३२ औं बैठकले दिएको छ ।

**स्वास्थ्य समस्याको व्यवस्थापन**

उच्च तापक्रमले बेहोस भएकालाई सघन उपचार कक्षमा राखी, ग्लुकोज सलाइन सुरु गरेर बढेको तापक्रम कम गर्न शरीरलाई मनतातोपानीले छ्यापेर पङ्खा लगाइदिनु पर्छ । काछ र काखमुनि बरफको थैली राख्दा ठुला धमनीमा भएका रगत चिसा हुन्छन् । मांसपेशीमा बरफ लगाएर मालिस गर्दा शरीरको तापक्रम कम हुन्छ । कम्पन नियन्त्रण गर्न औषधी, चिसो पारेको अक्सिजन, सङ्क्रमणयुक्त ज्वरो कम गर्न 'एस्प्रिन' वा 'प्यारासिटामोल' दिन सकिन्छ । 'हिट स्ट्रोक' प्राणघातक पनि हुन सक्छ, जसमा शरीरको तापमान १०४ डिग्रीभन्दा माथि हुन्छ । उच्च तापक्रमका कारण शरीरको भित्री भागमा नकारात्मक प्रभाव पर्छ । पसिना नआउनु, श्वासप्रश्वास एवं मुटुको धड्कन तेज हुनु, बेहोस हुनु आदि 'हिट स्ट्रोक' का लक्षण हुन । सबैभन्दा पहिलो र जरुरी उपचार भनेको बिरामीको निधारमा चिसो पानीको पट्टी राख्नु पर्छ । चर्को घाममा बाहिर ननिस्कने, प्रशस्त मात्रामा पानी पिउने, खाली पेट तथा चिया कफी र रक्सीबाट टाढै रहने तथा शारीरिक क्रियाकलाप कम गर्ने र समय समयमा ताजा फलफूल र कागती, नरिवलको जुस पानी पिउनु पर्छ ।

पानी तथा पोषणको कमी हुन नदिई पचाउन सहज हुने खानेकुरा लिनु पर्छ । काँक्रो, तरबुजा, अनार, पुदिना, किवी, प्याज, दही, बेललगायत शीतल बनाउने आहार लिनु पर्छ । हरियो सागसब्जी, फलफूल र ताजा जुस पर्याप्त पिउन पर्छ । गर्मी मौसममा आँखा रातो हुने अर्थात् कन्जन्टेभाइटिस, आँखा चिलाउने रोग र सुक्खा आँखा प्रमुख तीन समस्या हुन् । गर्मी तथा वर्षा याममा विभिन्न किसिमका रोग लाग्न सक्छन् । रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै बेस हुन्छ । जुनसुकै उमेर र वर्ग तथा तप्काका मानिसले स्वास्थ्यप्रति सचेत हुनु पर्छ । वरिपरिको वातावरण सफा राख्नु पर्छ । रोग हाम्रो शत्रु हो, त्यसैले रोगबाट बच्न हरेक दिन र पटकको सावधानी जरुरी छ । त्यस्तै विपत् रोक्न सकिँदैन तर पूर्वतयारीले चुस्तदुरुस्त प्रतिकार्य र जनधनको क्षति भने अवश्य न्यून गर्न सकिन्छ ।

# झापा बजारमा कंक्रिट ब्लक ओछ्याउने काम शुरु



कुमरखोद(प्रस) ।झापा गाउँपालिकाको झापा बजारमा सोमवारदेखि कंक्रिट व्लक लगाउने काम शुरु भएको छ । प्रदेश सांसद लखीकुमारी गणेशको पहलमा झापा बजारमा ब्लक लगाउने काम भएको हो ।

झापा गाउँपालिका वडा नं २ अन्तर्गत पर्ने झापा बजारको हुलाकी सडकखण्डको उत्तर र दक्षिण दुवै भागमा ब्लक लगाउने काम धमाधम भइरहेको छ । ब्लक ओछ्याउने ठेक्का विल्कन इण्डष्ट्रीज प्रा.लि.अर्जुनधाराले २२ लाख ७३ हजार ४८७ रुपैयाँमा लिएको छ । कम्पनीका प्रतिनिधि घनश्याम ढुङ्गेलका अनुसार ३१५ मिटर लम्वाईमा उत्तरपट्टीको भागतर्फ १६५ मिटर, दक्षिणतर्फ १५० मिटर र चौडाई ४ मिटर रहने छ । उनले १५ दिनभित्रमा काम सम्पन्न गर्ने जानकारी दिएका छन् ।

# पाँचथरमालागूऔषधसहित पाँचजना पक्राउ



झापा(प्रस) । पाँचथरमा लागूऔषधसहित पाँचजना पक्राउ परेका छन् । आइतवार दिउँसो ३.३० बजे पाँचथर फिदिम नगरपालिका २ पल्लोपटारस्थित लक्ष्मी राईको घरमा लागूऔषध किनबेच भइरहेको भन्ने गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पाँचथरबाट खटिएको प्रहरी टोलीले छापा मारेको थियो । त्यसक्रममा ३ ग्राम ५१० मिलिग्राम ब्राउनसुगरसहित पाँचजना पक्राउ परेको प्रहरीले जनाएको छ । पक्राउ पर्नेहरुमा पाँचथर फालेलुङ २ घर भई हाल फिदिम २ पल्लोटारस्थित लक्ष्मी राईको घरमा डेरा बस्ने २७ वर्षीय दिपेन केरुङ, सोही कोठामा बस्ने

फिदिम १ का २३ वर्षीय बिरबल राई ,मोरङ उर्लाबारी ८ आमबारी घर भई हाल फिदिम ४ बस्ने ३० वर्षीय गणेश सुजी, फिदिम १ बस्ने ३२ वर्षीय पर्वत तामाङ र फिदिम ४ बस्ने १९ वर्षीया रिदिमा बर्देवा रहेका छन् ।

# हेंवा खोलामा धमाधम जोडिँदै बेलिब्रिज

झापा(प्रस) । मेची राजमार्गमा पर्ने हेंवा खोलामा बेलिब्रिज जडानको काम ६० प्रतिशत सम्पन्न भएको छ । पाँचथरको फिदिम नगरपालिका-४ र हिलिहाङ गाउँपालिका-७ लाई सिमाना छुट्याएर बग्ने उक्त खोलामा २०८० साल साउनमा जोडिएको बेलिब्रिज २०८१ असोज १२ गतेको बाढीले बगाएपछि त्यहाँ दोस्रो पटक जडान गर्नुपरेको हो ।

पहिलो पटकको पक्की पुल २०८० साल असार २ गते आएको बाढीले बगाएको थियो । उक्त पुल बगेपछि जोडिएको बेलिब्रिज पुनः बग्दा दोस्रो पटक सडक डिभिजन कार्यालय इलाममार्फत पुनः जडानका लागि बोल पत्र आह्वान गरी काम अगाडि बढाइएको हो ।

सडक डिभिजन इलामका इन्जिनियर सीताराम गौतमका अनुसार हाल यहाँ ७० मिटर लामो बेलिब्रिज जडान भइरहेको छ । जसको ६० प्रतिशत काम सकिएको गौतमले जानकारी दिए । "काम तिब्र गतिमा भइरहेको छ, रफ्तारमा अघि बढ्ने हो भने करिब एक साताभित्र सम्पन्न भएर असार लाग्दा यातायात र ढुवानीका साधन सुचारु हुन्छन्," गौतमले भने ।

सङ्घीय सरकारको बजेटबाट ३ करोड ४९ लाख रुपियाँको लागतमा जडान भइरहेको बेलिब्रिजका लागि दोभान सुपर सौगात लाइट बेल्डर जेभी' नामक कम्पनीले ठेक्का लिएको छ ।

बेलिब्रिजको स्ट्रक्चर बलियो बनाउन फिदिमपट्टि २ हजार ६ सय घनमिटर ग्याविन वाल निर्माण गरिएको छ । ७० मिटर लम्बाइ र १० मिटर उचाइको उक्त सिङ्गल स्पानको यो बेलिब्रिज नेपालकै सबै भन्दा लामो हो । जसको क्षमता २५ टन भार वहन रहने छ ।

# ताप्लेजुङका उत्कृष्ट कृषक सम्मानित

झापा(प्रस)। कृषि ज्ञान केन्द्र ताप्लेजुङले उत्कृष्ट कृषकलाई सम्मान गरेको छ । विश्व खाद्य स्वच्छता दिवसको अवसरमा साताव्यापी रूपमा आयोजित कार्यक्रमको अवसरमा केन्द्रले ताप्लेजुङका नौ जना उत्कृष्ट कृषकलाई सम्मान गरेको हो । नौ वटा स्थानीय तह रहेको ताप्लेजुङको हरेक पालिकाले छनोट गरेर पठाएको एक-एक जना उत्कृष्ट कृषकलाई नगदसहित दोसल्ला ओढाएर प्रशंसापत्रले सम्मान गरेको केन्द्रका कार्यालय प्रमुख विमला पोखरेलले जानकारी दिइन् । उनका अनुसार पाथीभरा याङवरक गाउँपालिकाका उत्कृष्ट कृषक सन्तोष खिम्दिङ, फक्ताङलुङ गाउँपालिकाका भक्तबहादुर कार्की, फुङलिङ नगरपालिकाका पोष्टबहादुर कार्की र सिरीजङ्घा गाउँपालिकाका छत्रमान कुँवरलाई सम्मान गरिएको छ ।

यस्तै, मेरिङदेन गाउँपालिकाका विजयप्रकाश चोङबाङ, मिक्वाखोला गाउँपालिकाका डम्बरबहादुर बस्नेत, सिदिङवा गाउँपालिकाका इन्द्रबहादुर लिम्बू मैवाखेला गाउँपालिकाका छत्रबहादुर लिम्बू र आठराई त्रिवेणी गाउँपालिकाका उत्कृष्ट कृषक शङ्करप्रसाद श्रेष्ठलाई सम्मान गरिएको प्रमुख पोखरेलले बताइन् ।

सम्मानित हुने कृषकहरूले किवी फल, काजु, अलैँची लगायतका फलफूल, सागसब्जीलगायतका बाली लगाएको कृषकहरूले बताएका छन् । आफ्नो पेसाको मल्याङ्कनसहित सम्मान प्रकट गरेकोप्रति आभार प्रकट गर्दै भविष्यमा थप उर्जा प्राप्त भएको सम्मानित कृषकहरूले बताएका छन् ।

# सुन र गहनामा लगाइएको करले व्यवसायी र उपभोक्ता मारमा

झापा(प्रस) । सुनमा लगाइएको दोहोरो करले उपभोक्ता र व्यवसायी दुवैलाई प्रत्यक्ष असर परेको छ । सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ देखि सुनका गरगहनामा १३ प्रतिशत मूल्य अभिवृद्धि करका अतिरिक्त दुई प्रतिशत विलासिता करसमेत लगाउने भएको छ ।

आव २०८२/८३ को बजेटमार्फत सुन चाँदीमा दुई प्रतिशत विलासिता कर, हिरा जुवाहरत र पत्थरमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) लाग्ने भएपछि व्यवसायी र उपभोक्ता दुवैलाई प्रत्यक्ष असर पर्न गएको हो । विलासिताका करका कारण सुनका गहना खरिद थप महँगो हुने भएको छ । यसले बजारमा सुनको कारोबार घट्न थालेपछि व्यवसायीलाई समेत असर पर्न गएको हो ।

चालु आव २०८१/८२ को बजेटमा १० लाख रुपियाँ बराबरको गहनाको कारोबार गर्दा दुई प्रतिशत विलासिता कर लाग्ने गरेको थियो । आगामी आवको बजेटमार्फत जुनसुकै परिमाणमा सुन गहनाको कारोबार गर्दा दुई प्रतिशत विलासिताको कर लाग्ने व्यवस्था गरिएको छ । सुनचाँदी व्यवसायी महासंघका पूर्वअध्यक्ष तेजरत्न शाक्यले सुनमा लगाइएको विलासिता करले उपभोक्ता र व्यवसायीलाई सिधै मार परेको बताए ।

सरकारले राजस्व सङ्कलन गर्ने नाममा सुनको कारोबारमा दोहोरो कर लगाउँदा व्यवसाय सञ्चालन गर्न नसक्ने अवस्थामा रहेको शाक्यको भनाइ छ ।

# इलाममा लागूऔषधसहित तीन पक्राउ

झापा(प्रस)।इलाममा लागूऔषधसहित तीनजना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय इलाम तथा मातहत प्रहरी इकाईहरुबाट लागूऔषधबिरुद्ध विशेष कारबाही संचालन भइरहेको छ । लागूऔषध रोकथाम तथा नियन्त्रणको लागि इलाम प्रहरीले संचालन गरेको सोही विशेष अपरेशनअन्तर्गत जेठ २३ गते इलाम नगरपालिका ७ देवान चोकबाट



१.३९० ग्राम ब्राउनसुगरसहित तीन जनालाई पक्राउ गरिएको हो ।पक्राउ पर्नेहरुमा इलाम देउमाई नगरपालिका २ वस्ने २९ वर्षीय पासाङ शेर्पा , इलाम नगरपालिका ७ वस्ने २६ वर्षीय रुपन राई र माई नगरपालिका १ वस्ने २१ वर्षीय अबिरल राई रहेका छन् । उनीहरुको साथबाट बिभिन्न कम्पनीको मोबाईल ४ थान , मोटरसाइकल र स्कुटरसमेत बरामद गरिएको छ । पक्राउ परेका उनीहरुलाई जिल्ला अदालत इलाममा उपस्थित गराई ७ दिनको म्याद थप गरी अनुसन्धान भइरहेको डीएसपी मानबहादुर राईले जानकारी दिएका छन् ।

# सरकारी फार्मेसीमै अनिवार्य गर्न मन्त्रालयको परिपत्र

झापा(प्रस)। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रत्यारोपणमा उपयोग हुने वस्तु सरकारी फार्मेसीमै अनिवार्य गर्न परिपत्र गरेको छ । मुटु, हड्डी तथा विभिन्न खालका बिरामीको प्रत्यारोपण तथा उपचारमा उपयोग हुने वस्तु अस्पताल फार्मेसीमै व्यवस्था गर्न सरकारी अस्पताल/प्रतिष्ठानहरूलाई परिपत्र गरेको हो ।

हाल सरकारी फार्मेसीमा उपलब्ध नहुने तथा मूल्य विवरणसमेत सार्वजनिक नहुँदा बिरामीहरूले महङ्गो मूल्यमा त्यस्ता वस्तु खरिद गर्नुपर्ने बाध्यता छ । अस्पताल फार्मेसीमा उपलब्ध नहुँदा अस्पतालमै निजी व्यवसायीले महङ्गोमा बिक्री गरिरहेको गुनासो मन्त्रालयमा आउने गरेको थियो ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले सचिवस्तरीय निर्णयमार्फत मन्त्रालयले अब अस्पतालमा सबै बिरामीले देख्ने स्थानमा मूल्य सार्वजनिक हुने तथा अस्पतालकै फार्मेसीमा उपलब्ध हुनेगरी निर्णय गरेर परिपत्र गरिएको जानकारी दिए । यसैगरी, बिक्रेतालाई बढी मूल्य लिनबाट रोक्न सबै अस्पतालले आर्थिक वर्षमा कुन रोगको प्रत्यारोपण, शल्यक्रिया तथा उपचारका लागि नयाँ खालको वस्तु आवश्यक परेमा कम्पनी, आधिकारिक बिक्रेता तथा मूल्य सार्वजनिक गरेर मात्र बिरामीले प्राप्त गर्ने व्यवस्था मिलाउनसमेत मन्त्रालयले पत्राचार गरेको छ ।

मन्त्रालयले बिरामीको गुनासो आउने वातावरण आउन नदिनसमेत पत्रमार्फत अस्पताललाई सचेत गराएको छ ।

# कोरोना पूर्वतयारीमा लाग्न सरकारको ध्यानाकर्षण



झापा(प्रस) । नेपाली कांग्रेसका सांसद कृष्णप्रसाद पौडेलले कोरोनाले भविष्यमा निम्त्याउन सक्ने खतरालाई ध्यानमा राखी पूर्वतयारी योजना र रणनीति कार्यान्वयनमा ल्याउन सरकारको ध्यानाकर्षण गराएका छन् ।

सोमबार राष्ट्रियसभा बैठकको शून्य समयमा बोल्दै सांसद पौडेलले छिमेकी मुलुक भारतमा कोरोना भाइरसका सङ्क्रमितको संख्या तीव्र गतिमा बढिरहेको यथार्थलाई मध्यनजर गरी सीमावर्ती नाकाहरूमा स्वास्थ्य परीक्षण र निगरानी प्रभावकारी बनाउन माग गरे ।

उनले विगतका कमीकमजोरीबाट पाठ सिक्दै कोरोनाले भविष्यमा निम्त्याउन सक्ने खतरालाई ध्यानमा राखी रोकथामका पूर्वतयारी कार्यान्वयनमा ल्याउन सरकार र स्वास्थ्य मन्त्रालयलाई आग्रह गरे ।

उनले छिमेकी मुलुक भारतमा विगत नौ दिनमा तीन हजार चार सय २३ जना कोरोना सङ्क्रमित थपिएको र ५८ जनाको मृत्यु भइसकेकाले नेपालमा पूर्वतयारीमा ढिलाइ गर्न नहुने बताए ।

नेपालबाट रोजगारीका लागि भारत जाने र भारतबाट रोजगारीका लागि नेपाल आउने नागरिकको सीमा आवागमन सहज र सुरक्षित बनाउनुपर्नेमा सांसद पौडेलले जोड दिए ।

# स्थानीय तहको प्राथमिकतामा अल्लो

झापा(प्रस)। ताप्लेजुङका स्थानीय तहहरूले अल्लोलाई प्राथमिकता दिन थालेका छन् । स्थानीय स्तरमा पाइने कच्चा पदार्थको सदुपयोग गरी स्थानीयलाई आर्थिकरूपमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ अल्लोलाई प्राथमिकता दिन थालेका हुन् । आठ गाउँपालिका र एक नगरपालिका गरी नौ स्थानीय तह रहेको जिल्लामा पछिल्लो समय अल्लो उत्पादनसँगै अल्लो सम्बन्धी सिलाईबुनाई तालिमलाई प्राथमिकता राखिएको छ । जिल्लाको मिक्वाखोला गाउँपालिकाले अल्लोको झोला बनाउने एक महिने तालिम समापन गरेको छ । गाउँपालिका १ का ११ जना महिलालाई झोला बनाउने तालिम प्रदान गरेको थियो ।

यस्तै ताप्लेजुङको फुङलिङ नगरपालिका वडा नम्बर १० का १६ जना महिला ६० दिने अल्लो कपडा सम्बन्धी सिलाईबुनाई तालिम लिएर उद्यमी बनिसकेका छन् । उनीहरूले अहिले अल्लो कपडाबाट विभिन्न किसिमका झोला तयार गरिरहेका छन् । ६० दिने तालिमबाट उद्यमी बनेकी चन्द्रिका लिम्बूले अहिले अल्लोको झोला बुनेर नै मासिक ३० हजारसम्म आम्दानी गरिरहेकी छन् । आफूले उत्पादन गरेका सामग्रीको बजारीकरण भएमा



भावी दिनमा यसै क्षेत्रमार्फत गुजारा चलाउन सकिने सम्भावना बढेको उनी बताउँछिन् ।

स्थानीय स्तरमै पाइने कच्चा पदार्थलाई प्रवर्द्धन गर्ने र सीप विकाससँगै स्वरोजगार बनाउने उद्देश्यले महिलाहरूलाई ६० दिने सिलाई बुनाई तालिम दिइएको फुङलिङ नगरपालिका १० का वडा अध्यक्ष सन्तोष लिम्बूले बताए । लिम्बूका अनुसार उद्यमीहरूले तयार पारेको झोलालाई खरिद गरि वडा भित्रका विद्यालयका विद्यार्थीहरू प्रदान गर्ने योजना रहेको छ ।

यस्तै अल्लोलाई ब्राण्डिङ गर्न ताप्लेजुङको मैवाखोला गाउँपालिका पनि अघि सरेको छ । गाउँपालिका विगत तीन आर्थिक वर्ष यताबाट अल्लोलाई ब्राण्डिङ गर्ने अभियानमा लागेको हो । गाउँपालिका अध्यक्ष विजय प्रकाश वनेमका अनुसार स्थानीय स्तरमा पाइने कच्चा पदार्थको सदुपयोग गर्दै महिला तथा आर्थिक अवस्था कमजोर भएका स्थानीयलाई आर्थिकरूपमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ पालिका अल्लो ब्रान्डिङमा लागेको हो । गाउँपालिकाले दरखास्त आह्वान गरेर सबै वडाको प्रतिनिधित्व हुने गरि आर्थिक वर्ष २०७९-८० मा अल्लोबाट धागो बनाउने तालिम प्रदान गरेको थियो । यस्तै गत आर्थिक वर्ष (२०८०-८१) मा अल्लोको धागोबाट कपडा बुन्ने तालिम प्रदान गरेको थियो ।

त्यस्तै चालु आर्थिक वर्षमा भने अल्लोको धागोबाट कपडा तयार गर्ने र विभिन्न डिजाइनका सामग्रीहरू तयार गर्न सक्ने तालिम प्रदान गरेको छ । तालिम गाउँपालिका प्रत्येक वडाबाट प्रतिनिधि हुने गरि १० जनालाई प्रदान गरिएको छ । तालिमसँगै तालिममा सहभागी १० जनालाई एक-एक वटा सिलाई बुनाई गर्ने मेसिन पनि हस्तान्तरण गरेको पालिका अध्यक्ष वनेमको भनाइ छ ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।